केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/पुर्वाधार/५/०८०/८१

मितिः २०८०/०८/१३

**इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

**(डा. गुणाकर भट्ट)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१)श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११ )श्री नेपालवित्तीय संस्था संघ, डिल्लीबजार।

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क्र.सं | निर्देशन/बुँदा नं | विधमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | निर्देशन नं. ४/०८० को बुँदा नं ३ मा उपबुँदा (ख) को (अ) मा संशोधन । | (२) पूर्वाधार विकास बैंकले असोज मसान्त पश्चात स्वीकृत हुने तथा Financial Closure हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :<br>प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period कोब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नुपर्नेछ ।<br>ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखांकन गर्नु पर्नेछ । यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत राख्नुपर्नेछ । ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज रकम प्राप्त भएपश्चात उक्त रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ । | (२) पूर्वाधार विकास बैंकले असोज मसान्त पश्चात स्वीकृत हुने तथा Financial Closure हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :<br>प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period कोब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नुपर्नेछ ।<br>ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखांकन गर्नु पर्नेछ । यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत राख्नुपर्नेछ । ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज रकम प्राप्त भएपश्चात उक्त रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ । **तर ब्याज पुँजीकरण गरिएको परियोजना व्यावसायिक रुपमा सञ्चालनमा आएको अवस्थामा ICTL मा रहेको सम्पूर्ण रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिनेछ ।** |
| २. | निर्देशन नं. १२ को बुँदा १० मा उपबुँदा (३) को (घ) मा संशोधन । | (घ) कर्जा/सुविधाको लागि जमानत दिने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था ।<br>तर, जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व निजले जमानी दिएको रकम चुक्ता गर्न पूर्वाधार विकास बैंकल संस्थाले पैतिस दिनको लिखित सूचना दिनु पर्नेछ । लिखित सूचनाको पत्र सम्बन्धित व्यक्तिको ठेगानामा नपुगेमा सो सूचना पत्रिकामा सार्वजनिक गर्नु पर्नेछ । | घ) कर्जा/सुविधा उपलब्ध गराउनको लागि जमानत दिने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था ।<br>**तर, जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरुप राखेको धितो लिलाम गरी असुली गर्नुपर्नेछ । यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा सोको भुक्तानीका लागि जमानतदातालाई ९० दिनको समय प्रदान गर्नुपर्नेछ । सो सूचना अवधिपश्चात मात्र जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपर्नेछ ।** लिखित सूचनाको पत्र सम्बन्धित व्यक्तिको ठेगानामा नपुगेमा सो सूचना पत्रिकामा सार्वजनिक गर्नु पर्नेछ । |

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।**

| | | | |
|---|---|---|---|
| ३. | निर्देशन नं. १२ को बुँदा १० मा उपबुँदा (३) को (छ) मा थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको । | **(छ) जे.भी. को हकमा जे.भी.मा आवद्ध फर्म/कम्पनीहरु ।**<br><br>**तर, जे.भी. मा आवद्ध कुनै फर्म/कम्पनी कालोसूचीमा परेको कारणले मात्र सोही जे.भी. मा आवद्ध अन्य फर्म/कम्पनीहरुलाई कालोसूचीमा राख्न अनिवार्य हुने छैन ।** |
| ४. | निर्देशन नं. १२ को बुँदा १९ को उपबुँदा (२) मा संशोधन । | २) कालोसूचीमा परेकालाई ऋण सुविधा प्रदान गरेमा जरिवाना लगाइने<br><br>कालोसूचीमा परेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुलाई ऋण/सुविधा प्रवाह गरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ (१) बमोजिम उक्त ऋण सुविधा बराबरको रकम विगो कायम गरी जरिवाना गरिने छ । | २) कालोसूचीमा परेकालाई ऋण सुविधा प्रदान गरेमा जरिवाना लगाइने<br><br>कालोसूचीमा परेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुलाई ऋण/सुविधा प्रवाह गरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ (१) बमोजिम उक्त ऋण सुविधा बराबरको रकम विगो कायम गरी जरिवाना गरिने छ ।<br><br>**तर, कालोसूचीमा नरहेको कुनै फर्म/कम्पनी अर्को कुनै कालोसूचीमा समावेश भएको फर्म/कम्पनीसँग जे.भी.मा रहेको कारणले मात्र उक्त जे.भी. को निक्षेप खाता संचालन गर्न तथा कर्जा कारोबार गर्न बाधा पर्नेछैन ।** |